२७ चैत्र २०७४

## प्रेस विज्ञप्ति

### संक्रमणकालीन न्याय प्रकृया जवाफदेही र पारदर्शी बनाऊ

**काठमाडौं** : जवाफदेहिता निगरानी समिति नेपालको संक्रमणकालिन न्याय प्रक्रियामा भइरहेको निरन्तर ढिलाई, अपेक्षित प्रगतीको अभाव र अपारदर्शिता प्रति गम्भिर चाँसो व्यक्त गर्दै विगतमा उठान गरिएका मागहरु तत्काल कार्यान्वयन गर्न पुनः जोड दिन्छ । साथै यस प्रक्रियामा संलग्न सम्पूर्ण सरोकारवाला निकायलाई निम्न सवालहरुको सुनिश्चताको लागि ध्यानाकर्षण गराउँदछ ।

**१. प्रक्रियामा पारदर्शिताको सुनिश्चितता गर्न** : वर्तमान सरकारले २०७१ साल फागुन १४ गते सर्वोच्च अदालतले गरेको ऐतिहासिक फैसला अनुरुप वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्ने प्रयासलाई जवाफदेहिता निगरानी समिति स्वागत गर्दछ । तर यस प्रक्रियामा देखिएको अपारदर्शिताप्रति गम्भीर चासो व्यक्त गर्दछ । पीडित र नागरिक समाज संक्रमणकालिन न्याय प्रक्रियाका मुख्य सरोकारवाला हुन भन्ने कुरा सम्मानित सर्वोच्च अदालतको फैसलामा समेत व्यक्त भएको छ । उक्त फैसलाले सरकारलाई पीडित र नागरिक समाजलाई समेत यस प्रक्रियामा संलग्न गर्न आदेश दिएको थियो । प्रक्रियामा पारदर्शिता र पीडित र नागरिक समाजको अर्थपूर्ण सहभागिता बिना प्रक्रियाले वैधता प्राप्त गर्न नसक्ने मात्र नभई सरोकारवालाको विश्वास र समर्थन समेत गुमाउँछ । यसर्थ संक्रमणकालिन न्याय प्रक्रियामा सबै सरोकारवाला पक्षहरुको अर्थपूर्ण सहभागिता र पारदर्शि प्रक्रियाको सुनिश्चितता गर्न प्रमुख सरोकारवालासँग समिति माग गर्दछ ।

**२. पीडितका न्यूनतम मागहरु सुनिश्चित गर्न** : यस समिति पीडितले विगत लामो समय देखि उठान गरेका र समितिद्वारा समर्थित न्यूनतम मागहरुलाई पुनः जोड दिन चाहन्छ । ती न्यूनतम मागहरु पीडितले सर्वोच्च अदालतमा दायर गरेको रिट निवेदनमा समेत व्यक्त भएका छन् । गम्भीर मानव अधिकार उलंघनका घटनामा माफी र मेलमिलाप नहुने, अपराधको गम्भीरताअनुरुप पीडकलाई सजाय, परिपुरण पीडितको अधिकारको रुपमा ग्रहण, पीडित र समाजले भोग्नु परेको पीडाको सत्य उजागर गर्न सत्य निरुपण तथा मेलमिलाप आयोगले अवलम्बन गर्ने उपायहरु, भविष्यमा पुनः नदोहोरिने सुनिश्चितता सहित संस्थागत सुधारका लागि विश्वसनीय प्रक्रिया अवलम्बन गर्नु पर्ने जस्ता बिषयहरु पटक पटक उठाइएका न्युनतम मागहरु हुन् ।

**३. आयोगको पुनगर्ठन गर्न** : यस समितिले वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपाण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा भएको प्रावधानहरु र आयोग गठन प्रक्रियामाथि गम्भिर प्रश्न उठाउँदै नेपाल सरकार र सम्पूर्ण राजनीतिक शक्तिहरुलाई सर्वोच्च अदालतमा मुद्दा विचाराधिन रहेको अवस्थामा आयोगमा आयुक्तहरु नियुक्त नगर्न अनुरोध गरेको कुरा पुनः स्मरण गराउन चाहन्छ । साथै सर्वोच्च अदालतमा मुद्दा विचाराधिन रहेको अवस्थामा नागरिक समाजले यस प्रक्रियालाई समर्थन गर्न नसक्ने कुरा सार्वजनिकरुपमा व्यक्त गरेको थियो । तर ति अनुरोध र विरोधलाई वेवास्ता गर्दै आयुक्तहरु नियुक्त गरी प्रक्रिया अगाडि बढाईयो ।

यसका वावजुद आयोगहरुले आफ्नो सक्षमता प्रर्दशन गर्न तीन बर्षको अवसर प्राप्त गरेकै हुन् । यी आयोगहरुको कार्यशैली र कामको परिणामलाई नजिकवाट नियाल्दा आयोगहरुको पुनगर्ठन बिना ऐन शंसोधन मात्रले समस्याको समाधान नहुने र कार्यादेश पुरा गर्न नसक्ने हाम्रो ठहर रहेको छ । यसर्थ पीडित र नागरिक समाजको वृहत्तर सहभागिताको सुनिश्चितता गर्न समिति सम्पूर्ण सरोकारवालाको ध्यानाकर्षण गराउन चाहन्छ ।

**४. संयुक्त राष्ट्रसंघ र अन्तर्राष्ट्रिय समुदायलाई कानूनी दायित्वको सम्मान गर्न** : यस समिति संयुक्त राष्ट्रसंघ र अन्तर्राष्ट्रिय समुदायलाई गम्भीर मानव अधिकार उलंघनका घटनामा कानूनी र व्यवहारिकरुपमै दण्डहिनतालाई प्रश्रय दिने गरी अघि बढाइएको प्रक्रियालाई सहयोग र समर्थन नगर्न अनुरोध गर्दछ । नेपालमा विद्यमान दण्दहिनता नै विधिको शासन र समानताको लागि सबै भन्दा ठूलो चुनौती हो । साथै यस प्रक्रियामा अन्तर्राष्ट्रिय समुदायले नेपाल सरकारलाई प्रदान गरेको सहयोगको पारदर्शिताको समेत माग गर्दछ ।

जवफदेहीता निगरानी समितिका तर्फबाट

(चरण प्रसााई)
संयोजक

*(जवाफदेहीता निगरानी समिति द्वन्दपीडित, मानव अधिकारकर्मी, कानुनवीद र पत्रकार सम्मिलित संक्रमणकालीन न्याय संबोधनमा सहयोग गर्न गठत एक समुह हो ।)*